प्रदेश सरकार

लुम्बिनी प्रदेश

# शिक्षा, विज्ञान, युवा तथा खेलकूद मन्त्रालय

## उच्च शिक्षा महाशाखा

मुकाम बुटवल, नेपाल

पत्र संख्याः ०७८/०७९

चलानी नं.:

प्रदेश सरकार
लुम्बिनी प्रदेश
शिक्षा, विज्ञान, युवा तथा खेलकूद मन्त्रालय
मुकाम: बुटवल, नेपाल

**सामुदायिक क्याम्पसको सहकार्यमा अनुसन्धान कार्यक्रमका लागि प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना।**

सूचना प्रकाशन मितिः २०७८।०८।१९

श्री लुम्बिनी प्रदेश भित्रका सम्पूर्ण सामुद्रायिक क्याम्पसहरु।

प्रस्तुत विषयमा यस मन्त्रालयको आ.ब. ०७८।०७९ को स्वीकृत वार्षिक कार्यक्रममा सामुदायिक क्याम्पसको सहकार्यमा अनुसन्धान कार्यक्रम रहेकोले उक्त कार्यक्रम अन्तर्गत रही तपसिलको विषय र कार्यक्षेत्रमा आधारित रही अनुसन्धान गर्न इच्छुक तोकिएको जिल्ला भित्रका सामुदायिक क्याम्पसलाई सूचना प्रकाशन भएको मितिले ३० दिन भित्र सम्बन्धित जिल्लाका लागि तोकिएको अनुसन्धान शीर्षकमा अनुसन्धान प्रस्ताव यस मन्त्रालयमा पेश गर्नका लागि मिति २०७८।०८।१२ को निर्णय अनुसार यो सूचना प्रकाशन गरिएको छ ।तोकिएको म्याद पछि प्राप्त हुने प्रस्ताव उपर कुनै कारबाही हुने छैन। साथै प्रस्ताव यस मन्त्रालयको Email ID: mosdfive@gmail.com मा समेत पठाउन सकिनेछ।

२०७८/०८/१९

...................................

विष्णु प्रसाद पन्थी

शाखा अधिकृत

शाखा अधिकृत

<u>तपसिल</u>

| क्रस | अनुसन्धान शीर्षक | जिल्ला | नमुना कार्य क्षेत्र |
|---|---|---|---|
| १ | विद्यालयमा सामाजिक परीक्षणको अवस्था, समस्या र समाधानका उपायहरु | प्युठान | कम्तीमा दुइ पालिकाका १५ विद्यालय |
| २ | सामुदायिक विद्यालयमा मातृभाषामा शिक्षाको अवस्था, समस्या र समाधानका उपायहरु | पाल्पा | जिल्लाभर |
| ३ | विद्यालय शिक्षामा छात्रवृतिले पारेको प्रभाव, समस्या र समाधानका उपायहरु | रुकुम पूर्व | कुनै एक पालिका |
| ४ | मदरसा विद्यालयमा विद्यार्थीको कक्षा छाड्ने अवस्था, यसको प्रभाव, समस्या र समाधानका उपाय | बाँके | जिल्लाभर |

प्रदेश सरकार

लुम्बिनी प्रदेश

# शिक्षा, विज्ञान, युवा तथा खेलकूद मन्त्रालय

## उच्च शिक्षा महाशाखा

मुकाम बुटवल, नेपाल

पत्र संख्याः ०७८/०७९

चलानी नं.:

| | | | |
|---|---|---|---|
| ५ | माध्यमिक तहमा प्राविधिक तथा व्यावसायिक धारको शिक्षाको अवस्था, समस्या र समाधानका उपायहरु | बर्दिया | जिल्लाभर |
| ६ | सामुदायिक क्याम्पसबाट उत्पादित मानवस्रोतको रोजगारीको अवस्था अध्ययन | रुपन्देही | जिल्लाभर |
| ७ | अभिभावक शिक्षाले विद्यार्थीको सिकाइ उपलब्धिमा पारेको प्रभावको अध्ययन | कपिलवस्तु | जिल्लाभर |
| ८ | कक्षा ७ को गणित र विज्ञान विषयको नतिजा विश्लेषण | गुल्मी | कुनै एक पालिका |
| ९ | सामुदायिक विद्यालयमा विद्यार्थीको कक्षा छाड्ने अवस्था, समस्या र समाधानका उपायहरु | रोल्पा | कुनै एक पालिका |
| १० | स्थानीय तहको शिक्षाको अधिकारक्षेत्रको कार्यान्वयन अवस्थाको अध्ययन तथा विश्लेषण | दाङ | जिल्लाभर |
| ११ | सामुदायिक विद्यालयका शिक्षकहरुमा कार्य उत्प्रेरणाको अवस्था र यसले कार्यसम्पादनमा पारेको प्रभावको अध्ययन | अर्घाखाँची | जिल्लाभर |
| १२ | प्राविधिक शिक्षामा छात्राको पहुँचको अवस्था, समस्या र समाधानका उपाय | नवलपरासी | जिल्लाभर |

शाखा अधिकृत

नोटः

१. एउटा शीर्षकको अनुसन्धानका लागि बढीमा एक लाख रुपियाँ नबढ्ने गरी बजेटको व्यवस्था हुनेछ।

२. मन्त्रालयले तोकेको मितिमा अनुसन्धानकर्ताले आफ्नो अनुसन्धान प्रस्तावको प्रस्तुति मन्त्रालय समक्ष गर्नु पर्नेछ र सो समेतका आधारमा मूल्याङ्कन गरी अनुसन्धान प्रस्ताव स्वीकृत गरी अनुसन्धानका लागि कार्यदिश प्रदान गरिनेछ।

३. अनुसन्धान विधि सम्बन्धी संक्षिप्त कार्यविधि यसै साथ संलग्न गरिएको छ।

प्रदेश सरकार

लुम्बिनी प्रदेश

# शिक्षा, विज्ञान, युवा तथा खेलकूद मन्त्रालय

## उच्च शिक्षा महाशाखा

मुकाम बुटवल, नेपाल

पत्र संख्याः ०७८/०७९

चलानी नं.:

प्रदेश सरकार
लुम्बिनी प्रदेश
शिक्षा, विज्ञान, युवा तथा खेलकूद मन्त्रालय
मुकामः बुटवल, नेपाल

४. अनुसन्धान प्रस्तावको साथमा एक लाख रुपियाँमा नबढ्नेगरी निम्नानुसारको खर्चको प्रस्तावित मापदण्ड पेश गर्नुपर्नेछः

- मसलन्द सामग्री खर्च
- मुख्य अनुसन्धानकर्ताको पारिश्रमिक
- अनुसन्धानकर्ताको पारिश्रमिक
- अनुसन्धान सहयोगी पारिश्रमिक
- फिल्ड भ्रमण खर्च
- प्रतिवेदन तयारी तथा छपाई खर्च
- प्रतिवेदन मूल्याङ्कनकर्ता पारिश्रमिक

शाखा अधिकृत